प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१५ ॥ २०८२ असोज ०२ गते बिहिबार (18th Sep 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# अन्तरिम सरकारको सुधारको संकेत



झापा(प्रस) । जेन-जी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले सुधारका क्षेत्रमा हस्तक्षेप बढाउँदै लगेको छ। चार सदस्यीय मन्त्रिपरिषद्को सरकारमा धेरैजसो मन्त्रालय प्रधानमन्त्री कार्कीकै काँधमा छन् ।

अर्थमन्त्रीमा पूर्वसचिव रामेश्वर खनाल, भौतिक पूर्वाधारसहित ऊर्जा मन्त्रीमा विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङ र गृहमन्त्रीमा न्याय कानुन तथा मानवअधिकारको क्षेत्रमा सक्रिय ओमप्रकाश अर्यालले जिम्मेवारी सम्हालेलगत्तै भएका मन्त्रीस्तरीय तथा मन्त्रिपरिषद्का निर्णयले सुधारका संकेत देखाएका हुन् ।

६ महिनाको कार्यादेश प्राप्त सरकार भएकाले सचिवालय तथा निजी सचिवका नाममा कुनै पनि अतिरिक्त खर्च नगर्ने निर्णय मन्त्रिपरिषद्को पहिलो बैठकमा भएको छ। सरकारले जेन-जी आन्दोलनमा सहादत प्राप्तलाई सहिद घोषणा गर्दै मृतकका परिवारलाई १५ लाख दिने निर्णय गरेको छ।

घाइतेको निःशुल्क उपचार र आन्दोलनमा भएका धनजनको क्षति र ज्यादतीलाई लिएर उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

प्रधानमन्त्री कार्कीले बुधबार दोस्रो मन्त्रिपरिषद् बैठक राखेर मन्त्रीलाई काममा केन्द्रित हुन र मितव्ययी हुन आग्रह गरिन् । एक मन्त्रीका अनुसार उनले जनताको पक्षमा 'एक्सन' मा उत्रन आग्रह गरिन् । उनले शुक्रबारसम्म मन्त्रिपरिषद्ले पूर्णता पाउने पनि जानकारी गराइन् । भ्रष्टाचार नियन्त्रण र 'डेलिभरी' को माग गरेका युवाले ज्यान गुमाएर सरकार बनेको कुरा शिरमा राखेर काम गर्न उनले मन्त्रीहरूलाई निर्देशन दिइन् ।

तीनै जना मन्त्रीले आन्दोलनमा भएको क्षतिको अनुगमन गरिरहेका छन् । बुधबार उनीहरूले संसद् भवन, मन्त्री क्वार्टर र सिंहदरबारलगायतका क्षेत्रको अवलोकन गरे ।

अर्थमन्त्री खनालले पहिलो निर्णय पूर्वतयारी नभएका र टुक्रे आयोजनालाई बजेट नदिइने निर्णय गरेका छन् । प्रदर्शनकारीका कारण ध्वस्त भएका संरचना पुनर्निर्माण गर्नुपर्ने, अबको प्राथमिकता युवाका माग पूरा गर्नककपर्ने र निर्वाचन गर्नककपर्ने भन्दै उनले यस्तो निर्णय लिएको बताएका छन् । उनले खर्च कटौती तथा चुनावी खर्च जुटाउन बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुमन दाहालको संयोजकत्वमा कार्यदल नै बनाएका छन् ।

मन्त्री खनालले पीएसओ सुविधा, तलब र भत्ता नलिनुका साथै सवारीसाधनमा पनि मितव्ययी हुने बताएका छन् । ६ महिना छोटो अवधि भन्दै उनी बिहान ८ बजे नै मन्त्रालय हाजिर हुन थालेका छन् । बुधबार शोक मनाउन सार्वजनिक बिदा भए पनि मन्त्रालय पुगेका थिए ।

खनालले मंगलबार उद्योगी व्यवसायीसँगको छलफलपछि दसैंमा एक दिनबाहेक अन्य सार्वजनिक बिदामा बैंक तथा भन्सार कार्यालय खुला राख्न निर्देशन दिएका छन् । पहिरोका कारण अवरुद्ध तातोपानी नाका खुलाउने पहललाई निरन्तरता दिने तथा रसुवा र तातोपानी नाकाको विकल्पमा केही दिनयता मुस्ताङको कोरोला नाकाबाट सामान भित्रिरहेकाले भन्सारमार्फत सहजीकरण गर्न निर्देशन दिएका छन् ।

उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाललगायतका संगठनका पदाधिकारीसँग छलफल गर्दै अर्थमन्त्री खनालले कर तिर्ने समय एक महिना थप गरेका छन् ।

उनले साउन महिनाको भ्याट, अन्तःशुल्क, विलासिता कर, शिक्षा शुल्कलगायतका कर २५ भदौसम्म बुझाइसक्नुपर्ने व्यवस्थालाई खुकुलो पार्दै २५ असोजसम्म पुऱ्याइदिएका छन् । उनले 'इन्टिग्रेटेड बिजेन रिकभरी प्लान' पनि ल्याउने तयारी गरेका छन् । यी निर्णयसँगै उद्योगीहरू उत्साही देखिएका छन् । बुधबार बिदाको दिन पनि अर्थ मन्त्रालय र भन्सारहरू खुलै थिए ।

मन्त्री घिसिङले पदभार सम्हाल्दै पहिलो दिनमै विद्युत् प्राधिकरणको बक्यौता रहेको डेडिकेटेट फिडर र ट्रंक लाइन महसुलबापत राज्यले पाउनुपर्ने रकम असुल गर्ने निर्णय गरिसकेका छन् । विगतमा राजनीतिक दल र सरकारका कारण यो महसुल उठ्न सकेको थिएन ।

सरकारले उठाउनुपर्ने भनिएको तर उद्योगीले टीओडी मिटर नभएको भनेको ८ अर्ब रकम छ । यसमध्ये केही हिस्सा मात्र उठे पनि पुनर्निर्माणमा सहज हुने घिसिङको बुझाइ छ । भौतिक योजनामन्त्रीसमेत रहेका घिसिङले क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि विशेष कोष खडा गर्ने घोषणा गरेका छन् । कोषमा सघाउन विदेशमा रहेका नेपालीलाई पनि अनुरोध गरेका छन् ।

उनले सरकारी सुविधा नलिने र तलबभत्ता सहिदको सहयोग कोषमा राख्ने घोषणा गरेका छन् । सार्वजनिक संरचनामा पुगेको क्षति यकिन गरी पुनर्निर्माण कार्य तत्काल अगाडि बढाउने, पुनर्निर्माणका लागि 'हाम्रा सार्वजनिक संरचना हामी आफैं बनाउनेछौं' भन्ने अभियानसमेत सुरु गरेका छन् ।

मन्त्री घिसिङको निर्देशनमा सिंहदरबारमा १ असोजदेखि नै रंगरोगन र सरसफाइ सुरु भएको छ । उनले दुई महिनादेखि अवरुद्ध अरनिको राजमार्गको कोदारी खण्ड सडक दुई दिनभित्र खुलाउन सडक विभागका महानिर्देशक डा. विजय जैसीलाई निर्देशन दिएका छन् ।

घिसिङले मन्त्री क्वार्टरको अवस्थाबारे तत्काल प्रतिवेदन पेस गर्न र मर्मत मात्र गरेर सञ्चालन गर्न सकिने भवन सुचारु गर्न निर्देशन पनि दिए । त्यस्तै ६ महिनापछि निर्वाचन भएर प्रतिनिधिसभा सदस्य आउने तथा केही समयपछि राष्ट्रिय सभाको बैठक बस्नुपर्ने भएकाले सिंहदरबारमा

## याङगलको डोरी चुडिँदा एकको मृत्यु, तीन घाइते



झापा(प्रस) ।मोरङको सुन्दरहरैचामा घर ढलाई गर्दा याङ्गलको डोरी चुडिँएर एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

सुन्दरहरैचा १२ खोर्सानेमा होमबहादुर कट्वालको घर सोही ठाउँ बस्ने खड्गबहादुर कार्कीले ठेक्कामा लिई निर्माण गर्दै आएका थिए । मंगलवार साँझ ५.२० बजे घर ढलाईको क्रममा मसला बोक्ने याङ्गलको डोरी चुँडिन गई तल झर्दा किचेर एक मजदुरको मृत्यु भएको हो ।

बेलबारी ९ डाँगीहाट बस्ने इश्वरचन्द राजवंशीकी श्रीमती ४८ वर्षीया देवकुमारी राजवंशीलाई उपचारको लागि नोवेल अस्पताल बिराटनगरमा लगिएकोमा चिकित्सकले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो ।

त्यस्तै सोही ठाउँ बस्ने ५० वर्षीया डामानी राजवंशी , राजेश राजवंशीकी श्रीमती ४० वर्षीया शर्मीला राजवंशी र सर्जु राजवंशीकी श्रीमती ३१ वर्षीया रेनुका राजवंशी घाइते भएका छन् । तीनैजनाको नोवेल अस्पताल बिराटनगरमा उपचार भइरहेको छ ।उपचारमा ठेकेदार संलग्न रहेको बुझिएको छ ।

## प्रहरीका ११ सय नाल हतियार लुटिए

झापा(प्रस) । 'जेन-जी' को अगुवाईमा भएको आन्दोलन र त्यसपछि भड्किएको हिंसामा नेपाल प्रहरीका ११ सय थान हतियार लुटपाट भएका छन् ।

जेन-जीले २३ भदौमा गरेको आन्दोलनमा सरकारी पक्षबाट दमन भएपछि अर्को दिन २४ भदौमा काठमाडौंसहित देशभर तोडफोड, आगजनीसहित हिंसा भड्किएको थियो । त्यस क्रममा प्रहरीका ब्यारेक र कार्यालयमै तोडफोड र आगजनी गरेर विभिन्न क्यालिभरमा १ हजार १ सय थान हतियार लुटपाट भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।



आन्दोलन भड्किएपछिको प्रदर्शन हिंसात्मक बन्दा काठमाडौं उपत्यका प्रहरी कार्यालयसहित देशभरका ४ सय ५५ वटा ब्यारेक/कार्यालयहरूमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । प्रहरी प्रधान कार्यालयका एसएसपी रमेश थापाका अनुसार ठूला/साना गरी १ हजार १ सय थान हतियार लुटपाट भएको थियो भने १ सय ९७ कार्यालय पूर्ण र २ सय ५८ कार्यालयहरूमा आंशिक क्षति पुगेको छ ।

आन्दोलनका क्रममा प्रहरीका ३ जनाले कर्तव्य पालनाका क्रममा ज्यान गुमाएका छन्, १ हजार ९ सय ६३ प्रहरी घाइते भएका भए । घाइतेमध्ये १ हजार ९ सय ३९ जना प्रहरी उपचारपछि अस्पतालबाट डिस्चार्ज भएका छन् भने २४ जना प्रहरी उपचारका क्रममा छन् । जेन-जी आन्दोलनका क्रममा ७३ जनाको ज्यान गएको छ ।सयौं सर्वसाधारण घाइते भएका छन् । आन्दोलनपछि भड्किएको हिंसामा संसद् भवन, सर्वोच्च न्यायालय, राष्ट्रपति भवन, प्रधानमन्त्री निवास, प्रधानमन्त्री कार्यालयसहित सरकारी/सार्बजनिक, निजी भवन/प्रतिष्ठान र कार्यालयसमेतमा विध्वंस गरिएको छ। विध्वंसमा खर्बौं रुपैयाँको क्षति भएको आकलन गरिएपनि

## प्रतिदिनले अघिल्लै दिन समाचार गरेको थियो

झापा(प्रस)। जेनजीको आन्दोलनलाई प्रहरीले खेलाची संझिदा झापामा ठूलो जनधनको क्षति भएको छ। जेनजीको आन्दोलनका बारेमा चासो नलिएको प्रहरी प्रशासनले संचारमाध्यममा समाचार आउँदासमेत खेलाची गरेर बसेको पाइयो । तत्कालीन केपी



आज देशव्यापी प्रदर्शन गर्दै जेन-जी पुस्ता

बिर्तामोडमा पनि शुरु हुँदै जेन-जी आन्दोलन

ओली सरकारले फेसबुक , ह्वाटसएपलगायतका सामाजिक संजाल बन्द गरेपनि टिकटक, भाइवरलगायतका माध्यमबाट निकै अगाडिदेखि भदौ २३ गतेको जेनजी आन्दोलनबारे प्रचार भइरहेको थियो ।

राजधानीसंगै झापामा पनि भ्रष्टाचारविरुद्धको प्रदर्शनको तयारी थालिएको थियो । त्यस प्रदर्शनलाई काठमाडौ महानगरपालिकाका मेयर बालेन शाह , राष्ट्रिय स्वतन्त्र पार्टी , दुर्गा प्रसाईलगायतले एक दिनअगावै समर्थन जनाइसकेका थिए ।

जेनजीको आन्दोलनका बारेमा प्रतिदिन दैनिकको अनलाइन संस्करणले अघिल्लो दिन नै समाचार प्रकाशित गरेको थियो । जेनजी आन्दोलनका बारेमा सोही दिन आँगन एफएमसंग मिलेर विश्लेषक लोकवन्धु कन्दङ्वासंग अन्तर्वार्ता गरेका थियौ । जुन अन्तर्वार्ता भदौ २२ गते बेलुका र २३ गते विहान प्रसारण भएको थियो ।

भोलिपल्ट आन्दोलन हुने दिन भदौ २३ गतेको पत्रिकामा ' आज देशव्यापी आन्दोलन गर्दै जेनजी पुस्ता' शीर्षकमा प्रतिदिनले मुख्य समाचार नै प्रकाशित गरेको थियो । जेनजीहरुले बिहान ११ बजे मुक्ति चौकमा भेला हुने र त्यहाँबाट नारा जुलुशसहित बिर्तामोड नगरपालिका जाने र दुई घण्टा धर्ना दिने कार्यक्रम तालिका नै सार्वजनिक गरेका थिए ।

'जेनजी भनेका युवा विद्यार्थी हुन् र उनीहरुको आन्दोलन खासै नहोला' ठानेर बिर्तामोडमा सुरक्षा सतर्कता अपनाएको पाइएन । बिहान १० बजेदेखि नै चारैतिरबाट विद्यार्थीहरु स्कुले पोशाकमा भेला भइरहेका थिए । त्यतिबेला मोटरसाइकलमा प्रहरीको दुईजनाको क्युआरटी टोली मात्र खटिएको थियो ।

प्रदर्शनकारीहरुको संख्या थपिदै गएपछि इलाका प्रहरी कार्यालय बिर्तामोडको टोली गाडीमा आएको थियो । बिर्तामोडको वानस्टप मलबाट शुरु भएर र्याली बिर्तामोड नगरपालिकामा नारा जुलुश गरेर फर्किसकेको अवस्थामा काठमाडौ र दमकमा गोली चलेको सुनेर आक्रोशित हुँदै पुनः नगरपालिकमा पुगेर ढुंगामुढा हान्न शुरु गरेको थियो । जेनजी आन्दोलन र त्यसबाट हुनसक्ने हिंसात्मक घटनाबारे सरकारले नै अनुमान गर्न सकेको थिएन । तत्कालीन प्रधानमन्त्री ओलीको हठ र सूचनाको कमीले ठूलो दुर्घटना निम्तिएको विश्लेषण गरिएको छ ।

## प्रतिनिधिसभाको विघटनसँगै ३० वटा विधेयक निष्क्रिय

झापा(प्रस) । प्रतिनिधिसभाको हठात् विघटनसँगै ३० वटा विधेयक निष्क्रिय भएका छन् । प्रतिनिधिसभामा उत्पत्ति भएका तथा विचाराधीन निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शिक्षा, भूमि, मिडिया काउन्सिल, सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी चर्चित र प्रतिक्षित विधेयकहरू निष्क्रिय भएका छन् ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट एक चरण पारित भएर अन्तिम प्रक्रियामा रहेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा बनेको विधेयक पनि निष्क्रिय हुन पुगेको छ ।

अवकाशपछि निजामती कर्मचारीका लागि 'कुलिङ अफ पिरियड' हुने/नहुने विषयले उक्त विधेयकलाई लामो समयसम्म विवादित बनाएको थियो । संघीयता कार्यान्वयनका लागि निजामती सेवा विधेयक अत्यावश्यक मानिएको थियो ।१५ असारमा प्रतिनिधिसभाले पारित गरेको उक्त विधेयकलाई १७ भदौमा राष्ट्रिय सभाले पारित गरेर संशोधन गरिएको सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाएको थियो । विधेयकलाई प्रतिनिधिसभाले पुनः पारित गर्नुपर्ने थियो ।

२५ भदौमा बोलाइएको बैठकमा उक्त विधेयकलाई निर्णयार्थ पेस गर्ने तयारी थियो । तर, २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनले देशले अर्कै रूप लियो । सूचना जारी गरेर २५ गतेको बैठक स्थगित गरियो । जेन-जी आन्दोलनको मागबमोजिम २७ भदौको रातिबाट प्रतिनिधिसभा विघटित हुन पुग्यो ।

संविधान जारी भएपछि मंसिर २०७४ मा भएको पहिलो निर्वाचनपछि गठन भएका प्रदेश सरकारहरूले प्रारम्भदेखि नै निजामती कर्मचारी सेवासम्बन्धी विधेयक माग गर्दै आएका थिए । निजामती सेवालाई नयाँ संविधान अनुकूल तथा नयाँ आवश्यकतालाई सम्बोधन गर्न पनि यसको अपरिहार्यता महसुस गरिएको थियो । अघिल्लो प्रतिनिधिसभामै सरकारले निजामती विधेयक ल्याएको थियो । तर, सरकार र संसद्बीच कतिपय विषयमा सहमति नजुटेपछि सरकारले फिर्ता लिएको थियो ।

फेरि २ फागुन २०८० मा सरकारले उक्त विधेयक दर्ता गरेको थियो । संसद्मा लामो छलफलपछि दलहरूबीचको सहमतिले उक्त विधेयक एउटा टुंगोमा पुगेको थियो । संघीय संसद्का प्रवक्ता एकराम गिरीले दुवै सभाबाट पारित भए पनि राष्ट्रिय सभाबाट आएको सन्देशमाथि प्रतिनिधिसभाले निर्णय लिन बाँकी रहेको अवस्थामा निजामती सेवा विधेयक निष्क्रिय हुन पुगेको बताए । संविधानको व्यवस्थाअनुसार प्रतिनिधिसभाको विघटनसँगै विचाराधीन विभिन्न ३० वटा विधेयक निष्क्रिय भएको उनले जानकारी दिए । संविधानको धारा १११(१०) मा 'कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन रहेको वा प्रतिनिधिसभामा पारित भई राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधिसभा विघटन भएमा वा त्यसको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुने' उल्लेख छ ।

निजामती सेवा विधेयकजस्तै दुवै सभाले पारित गरेर पनि ऐन बन्न नसकेको सूचीमा जलस्रोत र संवैधानिक परिषद्सम्बन्धी विधेयक पनि छन् । जलस्रोत विधेयकलाई प्रतिनिधिसभाले ५ जेठमा पारित गरेर राष्ट्रिय सभामा पठाएको थियो । राष्ट्रिय सभाले २३ साउनमा पारित गरेर फिर्ता पठाएको उक्त विधेयकमाथि प्रतिनिधिसभाले पुनः निर्णय लिन बाँकी थियो ।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी विधेयकमा संसद्ले गर्नुपर्ने सबै प्रक्रिया पूरा गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले त्यस विधेयकमाथि पुनर्विचार गर्नलाई संसद्मा फिर्ता पठाएका थिए । संसद्ले त्यसबारे आवश्यक निर्णय लिन बाँकी रहेकै अवस्थामा प्रतिनिधिसभा विघटन भएको छ ।

असोज २०७९ मा अघिल्लो प्रतिनिधिसभाले कार्यकाल पूरा गर्दा विचाराधीन २७ वटा विधेयक निष्क्रिय भएका थिए । अघिल्लो पटक दर्ता भएर निष्क्रिय भएका र पछि पुनः पेस भएका सात वटा त्यस्ता विधेयक दोहोऱ्याएर निष्क्रिय भएका छन् । मिडिया काउन्सिल, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल हवाई सेवा प्राधिकरण, सूचना प्रविधि, बैंक तथा वित्तिय संस्था, धित्तोपत्र, निकासी पैठारी नियमनसम्बन्धी विधेयक दुई वटा सदनमा पेस भएर पनि निष्क्रिय भएका हुन् । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमै राष्ट्रिय सभामा दर्ता भएर त्यहाँबाट २०७९ मा गठित प्रतिनिधिसभामा आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी

❖ बाँकी पृष्ठ ४ मा

# कारागारबाट फरार थप एक कैदी पाँचथरमा पक्राउ



झापा(प्रस) । विभिन्न कारागारबाट भागेका कैदी पक्राउ पर्ने क्रममा पाँचथरमा थप एकजना पक्राउ परेका छन् । झुम्का कारागारबाट भागेका बाल विवाह , अपहरण र जबर जस्ती करणी मुद्दाका कैदी पाँचथर हिलिहाङ -७ बस्ने २९ वर्षीय चक्र तामाङलाई बुधवार साँझ ५ बजे जिल्ला प्रहरी कार्यालय पाँचथरबाट खटिएको प्रहरी टोलीले आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामामा पक्राउ गरेको हो । उनलाई जिल्ला कारागार पाँचथरमा ल्याई राखिएको छ ।

हाल जिल्ला कारागारमा ४९ जना कैदी रहेका छन् । यसअघि जेनजी समूहको विद्रोहपछि भदौ २४ गते विभिन्न कारागारबाट भागेका ४ जना कैदी पाँचथरमा पक्राउ परेका थिए ।

पक्राउ परेकामध्ये ललितपुरको नख्खु कारागारबाट भागेका १ र सुनसरीको झुम्का कारागारबाट भागेका ३ जना रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी प्रमुख (डीएसपी) कौशल बुढाथोकीले जानकारी दिए । उनका अनुसार नख्खुबाट भागेका कर्तव्य ज्यान मुद्दाका अभियोगी ३६ वर्षीय चन्द्र भन्ने विनय नेम्बाङसँगै झुम्का कारागारबाट भागेका कर्तव्य ज्यान मुद्दाकै पाँचथर कुम्मायक-१ का ४५ वर्षीय चन्द्रबहादुर तामाङ, जबरजस्ती करणी मुद्दाका अभियोगी पाँचथर तुम्वेवाका ४० वर्षीय गोपाल बोहरा र लागूऔषध मुद्दाका अभियोगी पाँचथर फिदिम नगरपालिका-५ का ३० वर्षीय मंगलसिंह तुम्वापो मंगलबार घरबाटै पक्राउ परेका हुन् । ती चारैजनालाई पाँचथर कारागारमा राखिएको छ ।

# आशंकाका बीच निर्वाचन आयोग आन्तरिक तयारीमा

झापा(प्रस) । जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारको मुख्य कार्यभारमध्येको एक हो- मध्यावधि निर्वाचन। जेन-जी युवाहरूकै प्रस्तावमा अन्तरिम सरकार प्रमुख बनेकी सुशीला कार्कीको सिफारिसमा राष्ट्रपतिबाट संसद् विघटन भइसकेको छ भने आगामी २१ फागुनलाई निर्वाचन मिति पनि तोकिसकिएको छ।

निर्वाचन आयोग पनि आन्तरिक तयारीमा जुटेको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले मिति तोकिएपछि आफूहरू आवश्यक आन्तरिक तयारीमा जुटेको बताए। 'जनशक्ति व्यवस्थापन, स्रोत साधन र बजेटलगायतका विषयमा गृहकार्य गरेर प्रधानमन्त्रीसँग भेट्ने तयारी छ', उनले भने।

तर के तोकिएकै मितिमा निर्वाचन होला? आशंकाले भरिएको यो प्रश्न आमरूपमा उठिरहेको छ। खासगरी राजनीतिक वातावरण, अन्तर्राष्ट्रिय परिस्थिति र कानुनी दृष्टिकोणसँग जोडेर यो आशंका गरिएको देखिन्छ।

**विज्ञको नजरमा सहजता र चुनौती के हुन् ?**

तोकिएको मितिमा चुनाव हुने वा नहुने कुरा अन्तरिम सरकारको भूमिका र समग्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा निर्भर रहने विज्ञहरू ठान्छन्। पूर्व प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती खासगरी दलहरूको सहयोग, संविधानबाहिरका एजेन्डामा जेन-जी युवाहरूको लचकता र छिमेकीसँगको सम्बन्ध कसरी अघि बढ्छ भन्नेमा चुनाव हुने नहुने निर्भर हुने बताउँछन्।

'सुशीला कार्की नेतृत्वको अन्तरिम सकारले उत्तर-दक्षिण दुबै छिमेकीहरूसँगको सम्बन्धलाई सन्तुलित ढंगले लान सक्नुपर्‍यो पहिलो। दोस्रोमा अहिले जेन-जी आन्दोलनले लिएका कतिपय माग यही संविधानबाट पूरा नहुने किसिमका छन्, त्यसकारण अहिले सम्भव नहुने माग पूरा हुन आगामी संसद् कुर्न तयार हुनुपर्‍यो जेन-जी युवाहरू। र तेस्रो आफ्नै कारण तिरस्कृत भएका दलहरू संसद्को विघटनलाई मानेर चुनावमा होमिन्छन् भने चुनाव सहज र सम्भव देखिन्छ', उनी थप्छन्, 'अन्यथा चुनाव डिस्टर्ब हुन सक्छ।' जेन-जी पुस्ताले अघि सारेकामध्येका प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेन्डा संविधान संशोधनबिना सम्भव छैन। संविधान संशोधन पनि संसद्को दुईतिहाइबाट मात्र हुने भएकाले आगामी निर्वाचन पुरानै ढाँचाको हुने पक्का छ। त्यसकारण आगामी चुनावलाई आफ्नो एजेन्डा जनतामा लाने माध्यमका रूपमा जेन-जी पुस्ताले प्रयोग गर्ने र दलहरूले पनि संसद् विघटन स्विकारेर जाने हो भने चुनाव सहज हुने बुझाइ पूर्व प्रमुख निर्वाचन आयुक्त उप्रेतीको छ। उनी देशमा जेन-जीका नाममा बाह्य शक्तिको चलखेल हुनेतर्फ पनि सचेत हुनुपर्ने बताउँछन्। अर्का एक पूर्व प्रमुख निर्वाचन आयुक्त पनि सबै पक्षले चाहने हो भने तोकिएकै मितिमा चुनाव सम्भव रहेको देख्छन्। प्राविधिक तथा व्यवस्थापकीय दृष्टिकोणबाट हेर्दा चुनाव गराउने समय पर्याप्त रहेको र राजनीतिक तथा कानुनी पक्षको सुधारका लागि पनि ६ महिना अपर्याप्त नरहेको उनी बताउँछन्।

'प्राविधिक, प्रशासनिक तथा व्यवस्थापकीय दृष्टिकोणबाट ६ महिनाको समय चुनाव गराउन पर्याप्त समय हो। विगतमा हामीले ८०-८२ दिनमा प्रतिनिधिसभाको मात्रै होइन, प्रदेशसभासहितको चुनाव मजाले सकाएका छौँ', उनले भने, 'तर अर्को जटिल पक्ष भनेको राजनीतिक तथा कानुनी पक्ष हो। मिति तोकिसकिएको हुनाले मलाई लाग्छ लोकतन्त्रमा निर्वाचनको विकल्प हुँदैन, त्यसकारण दलहरूले यसलाई धेरै बहसको विषय बनाइरहन उपयुक्त हुँदैन। यद्यपि, अहिलेको राजनीतिक परिस्थिति, शंका, आशंका र असन्तुष्टिका बीच आमसहमति कायम गरेर वातावरण बनाउनुपर्छ।' निर्वाचनका लागि आवश्यक कानुन संशोधन गर्नका लागि पनि समय पर्याप्त हुने बुझाइ उनको छ। संसद् नभएका वेला अध्यादेशबाट भए कतिपय कानुन संशोधन गर्नुपर्ने र त्यसले युवा पुस्ताको मागलाई पनि सम्बोधन गर्ने तर्क ती प्रमुख प्रमुख निर्वाचन आयुक्तको छ।

उनको भनाइ जस्ताको त्यस्तैः-

हाम्रो चाहिँ कानुन कस्ता छन् भने आवधिक निर्वाचन आनन्दले हुन्छ, आयोगले सबै तयारी गरिसक्छ, परामर्श गर्छ अनि मिति तोक्छ भन्ने छ। तर अहिले अप्रत्यासित आयो। यसले धेरै प्रश्न जन्मायो।

एउटा मतदाता नामावली । अहिले भोलि मतदाता नामावलीमा नाम दर्ता गरेका मान्छेले आगामी चुनावमा भोट हाल्न नपाउने कानुन छ। त्यसकारण फागुन २० गते १८ वर्ष पुग्ने सबै मान्छेले भोट हाल्न दिने वातावरण बनाउनुपर्छ। यसका लागि कानुन संशोधनको विकल्प छैन।

अर्को निर्वाचनमा दलहरूले साह्रै अपारदर्शी ढंगले खर्च गरे। यो विषय धेरै आलोच्य पनि बन्यो । यसको व्यवस्थापन गर्न राजनीतिक दलहरूको खर्च व्यवस्थापनको विषयमा आमसहमति गरेर नयाँ कानुन अध्यादेशमार्फत ल्याएर भए पनि पैसाले होइन, इमानले चुनाव जितिन्छ भन्ने प्रणाली स्थापित गर्नुपर्‍यो। यो पनि कानुनी वातावरणको विषयमा भयो

तेस्रो चाहिँ निर्वाचनमा कस्ता व्यक्तिले भाग लिन पाउने? को उम्मेदवार हुन पाउने केही कानुनी व्यवस्था त छन् तर यदि अहिले जेन-जी आन्दोलनका म्यान्डेटलाई आत्मसात गर्ने हो भने कानुन कै संशोधन आवश्यक छ।

जस्तो उदाहरणका लागि भुटान जस्तो देशमा पनि बिए पास नगरेको मान्छे, ६५ वर्ष नाघेको मान्छे उम्मेदवार हुन पाउँदैन। हाम्रोमा त केही रोक्दैन। त्यसकारण अब प्रक्रियागत ढंगले लोकतान्त्रिक विधिअनुसार नै युवा पुस्तामा यो लाने हो भने युवालाई कमसेकम ४० प्रतिशत उम्मेदवारी दिनुपर्छ भनेर व्यवस्था गर्न सक्दैनौँ र !

मैले भन्न खोजेको संविधान संशोधन नगरीकन सुधार गर्न सकिने विषयहरू के-के हुन् त्यसलाई कानुनी रूपमा सुधार गर्नैपर्छ। यति कुरा गर्न हामी ३ महिनाभित्र मजाले भ्याउँछौँ ।

यसरी हामीले एउटा उपयुक्त वातावरण बनायौँ भने चुनाव मजाले हुन्छ। कानुनी, नीतिगत, संवैधानिक र राजनीतिक सहमति सहितको वातावरण चाहिँ जरुरी छ। यसमा सरकारले नै मुख्य भूमिका खेल्ने हो। अन्य पक्षले सहयोग गर्नुपर्छ ।



**दलहरू सकारात्मक**

जेन-जी आन्दोलनपछि किनाराकृत भएका दलहरूले संसद् विघटनको विरोध गरे पनि उनीहरू निर्वाचनका सन्दर्भमा सकारात्मक देखिएका छन्। सबैजसो दलहरूले निर्वाचन तोकिएकै मितिमा हुनुपर्नेमा जोड दिएका छन्। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराउन पार्टी-पंक्तिलाई आह्वान नै गरेका छन्। बरु चुनाव गराउने जिम्मेवारीका साथ आएको सरकारलाई विचलित भएमा खबरदारी गर्न उनले आग्रह गरेका छन्।

महामन्त्री थापाले भनेका छन्, 'आन्दोलनपश्चात् आज जुन राजनीतिक परिस्थिति सिर्जना भएको छ, यो आजको वास्तविकता हो, यसलाई स्वीकार गरौं । अन्तरिम सरकार गठन भइसकेको छ, निर्वाचनको मिति घोषणा भएको छ। एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकाले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔं, यसको निम्ति निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गरौं। कही कतै यो मूल जिम्मेवारीबाट सरकार विचलित भयो वा अलमलियो भने खबरदारी गरौं। भयरहित वातावरणमा समयमै निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई सही ट्र्याकमा ल्याउने आजको मुख्य राष्ट्रिय जिम्मेवारी बन्न पुगेको छ, यो कुरा नबिर्सौं।'

एमालेले चुनावको पक्षमा उभिने संकेत गरेको छ। जेन-जी प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीको क्षति अवलोकनका लागि भदौ ३० मा पार्टी मुख्यालय पुगेका महासचिव शंकर पोखरेलले अन्तरिम सरकार निर्धारित मितिमै चुनाव गराउने दिशामा अघि बढ्नुपर्ने बताए। 'यो सरकार अन्तरिम भएकाले उसको कर्तव्य चुनाव गराउने हो। शान्ति सुरक्षाको वातावरण तयार गरीकन समयमा निर्वाचन गराउने कुरामा यो सरकार ध्यान जानेछ भन्ने लागेको छ', उनले भने, 'नेपालका सबै लोकतान्त्रिक पार्टीहरू जनतामा गएर, जनताको अभिमत प्राप्त गर्ने कुरामा प्रवेश गर्नुपर्छ।'

यसैगरी माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि घोषित मितिमा चुनाव गराउन एकजुट भएर जानुपर्ने आवश्यकता औंल्याएका छन्। जेन-जी आन्दोलनकै क्रममा आगजनी गरिएको पेरिसडाँडाको पार्टी मुख्यालय अनुगमनपछि ३० भदौमा उनले तोकिएको मितिमा चुनाव नभए देश भयावह संकटमा फस्ने खतरा रहेको बताए।

'देशमा अहिले अन्तरिम सरकार बनेर निर्वाचनको मिति घोषणा भइसकेको स्थिति छ। हामी अब छिटोभन्दा छिटो घोषित मितिमा निर्वाचन सम्पन्न गराउन एकजुट भएर जाने कुराको आवश्यकता छ। अरू विकल्पको कुरा अहिले गर्न मिल्दैन। किन भने यो सरकार असफल भयो र घोषित मितिमा निर्वाचन भएन भने देश भयावह संकटमा फस्ने खतरा छ', उनले भने, 'त्यसकारण अहिलेको आवश्यकतालाई सबैले ध्यान दिँदै जेन-जी आन्दोलनको उपलब्धिलाई गुम्न नदिने गरी अन्तरिम सरकारलाई सफल पार्न मद्दत गर्नुपर्छ।'

रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले पनि तोकिएको समयमा निर्वाचन हुनुपर्ने बताएका छन्। उनले बरु घोषित लक्ष्यबाट सरकार च्युत भए प्रतिरोध गर्ने गर्ने बताएका छन्।

'विधिमा बाँधिएको असल शासन अनुरूप चरम भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम, पुनर्निर्माण र आर्थिक सुधार, सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध एवं विकासमा गुणस्तरीय द्रुतताको अपेक्षा यस अन्तरिम सरकारबाट राखिएको छ', विज्ञप्तिमार्फत उनले भनेका छन्, 'यी घोषित लक्ष्यहरूबाट सरकार च्युत हुँदा प्रतिरोध हुनेमा रास्वपा स्पष्ट रहँदै समग्र राष्ट्रिय हित, एकता र सौहार्दताको प्रवर्धनमा हाम्रो दल सदा सहयोगी भूमिकामा रहनेछ।'

त्यसो त राष्ट्रपति रामचन्द्र पौडेलले बडो जुक्तिले कठिन परिस्थितिको निकास निस्किएको भन्दै तोकिएको समयमा नै निर्वाचन गराउन सबै पक्ष केन्द्रित हुन आह्वान गरेका छन्।

# जयमाता ट्रेडर्सद्वारा विश्वकर्मा पुजामा विविध कार्यक्रम

झापा(प्रस) । बिर्तामोडस्थित जयमाता ट्रेडर्सले विश्वकर्मा पुजाको दिन पारेर कार्यक्रम सम्पन्न गरेको छ । पाइप फिटिङ्स सम्बन्धी कार्य गर्ने जयमाता ट्रेडर्सले आफ्ना मातहतमा रहेका करिब ३० जना प्लम्बरहरुलाई बोलाएर



विश्वकर्मा पुजा सम्पन्न गरेको हो । कार्यक्रममा प्लम्बरहरुलाई पंचकन्या ग्रुपको लोगो भएको टि-सर्ट बितरण गरिएको थियो ।प्लम्बरहरुलाई विशेष अवसर पारेर पंचकन्या ग्रुपले विभिन्न सामग्रीहरु बितरण गर्ने गरेको छ । जयमाता ट्रेडर्स पंचकन्या ग्रुपको उत्पादन पाइप एण्ड फिटिङ्सको सबडिलर रहेको छ । सो कार्यक्रममा रमाइलोको लागि हात खाली नजाने कार्यक्रमअन्तर्गत भाग्य चिट्ठा कार्यक्रम पनि गरिएको थियो । प्लम्बरहरुलाई काम गर्न चाहिने आवश्यक सामग्रीहरु राखेर भाग्य चिट्ठा कार्यक्रम गरिएको जयमाता ट्रेडर्सका रमेश नेपालले जानकारी दिए ।

कार्यक्रम भब्य र सभ्य भएको सहभागी प्लम्बर लक्ष्मण अधिकारीले बताए। जयमाता ट्रेडर्स आफूहरुको ढुकढुकी हो भन्दै उपस्थित प्लम्बर अमर खुलाल हर्षित देखिन्थे । साथै हरेक सुखदुःखमा रमेश नेपाल र जयमाता ट्रेडर्सको साथ र समर्थन रहेको कुरा उपस्थित प्लम्बर दिलिप धिमाल,नरेश राई,दिपक नेपाल,राम बस्नेत,दिपेन्द्र नेपाल,प्रकाश अधिकारी,सन्तोष अर्याल,महेश खनालले बताए । साथै उपस्थित प्लम्बरहरुले टिसर्टलगायतका सामानहरु उपलब्ध गराइदिएकोमा पंचकन्या कम्पनी र जयमाता ट्रेडर्सलाई धन्यवाद दिएका छन् ।साथै पन्चकन्या ग्रुपको डिलर श्रीज्योती ट्रेडिङले पनि केही पुरस्कार सौजन्य गरेको जयमाता ट्रेडर्सका नेपालले जानकारी दिए । भाग्य चिट्ठाको बम्पर उपहार प्लम्बर अमर खुलाल(ज्ञानु बस्नेत)ले प्राप्त गरेका छन् । कार्यक्रम प्लम्बर हकहित कोषका सचिब प्रेम आचार्यको प्रमुख आतिथ्यतामा भएको थियो भने कार्यक्रमको संचालन रमेश नेपालले गरेका थिए ।

**खरानीबाट...**

यसपटकको जेनजी विद्रोहको सन्देश धेरै छ । ३० औं वर्षदेखि आलोपालो राष्ट्रिय राजनीतिको सम्पूर्ण सत्ता र शक्ति चलाएको तर नतिजा नदिएको आरोप यी दलका प्रमुख नेताले खेपेका छन् । भ्रष्टाचारको अन्त्य नगरेको, सुशासन नदिएको र नागरिकलाई गरिखान नदिएको आरोप लागेको छ । यिनै मागलाई अघि सार्दै जेनजीहरू जाग्दा मुख्य निशानामा कांग्रेस, एमाले र माओवादीका शीर्ष नेता परेका छन् ।

भौतिक क्षतिबाट दलहरू विस्तारै उठ्लान् । तर, यो भन्दा ठूलो विषय प्रश्न-प्रश्नै उठेका दलका प्रमुख नेताहरू कसरी उठ्छन् भन्ने छ । जेनजीका माग स्वाभाविक थिए । अराजकता र विध्वंशमा पुर्‍याएर अरूले नै फाइदा उठाए । तर, यस्तो भनेर यसपटक प्रमुख दललाई उम्किने ठाउँ छैन ।

पाँचपटक प्रधानमन्त्री भएका देउवा र बहालवाला परराष्ट्र मन्त्री आरजुलाई लछारपछार पारिएको र रगताम्मे बनाइएको भिडियो सामाजिक सञ्जालमा अहिले पनि छरपस्ट छन् ।

प्रधानमन्त्रीबाट केपी शर्मा ओलीले राजीनामा दिएपछि मात्रै नेपाल सेनाले उद्धार गरेर ब्यारेकको सुरक्षामा पुर्‍याएको विषय बाहिरिएका छन् । विपक्षमा रहेका प्रचण्ड अझै खुलेर बोल्न सकेका छैनन् । सहकारी ठगीको गम्भीर मुद्दा खेपेका रवि लामिछाने आन्दोलनको अराजकतामा स्टन्ट गर्दै बाहिरिए ।

अनि पार्टीभित्रै थेगिनसक्नुको आलोचना भएपछि पुनः नख्खु जेल पुगेका छन् । अर्थात्, देउवा, ओली, प्रचण्ड मात्रै होइन, आफूलाई नयाँ शक्तिको रूपमा उभ्याएका लामिछाने समेत रक्षात्मक हुनुपर्ने अवस्था आएको छ ।

**प्रतिनिधिसभाको...**

विधेयक पनि निष्क्रिय हुन पुगेको छ । माघ २०७६ मै उक्त विधेयक राष्ट्रिय सभामा दर्ता भएको थियो । राष्ट्रिय सभाले पारित गरेर चैत २०७९ मा पठाएको उक्त विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमै छलफलका क्रममा थियो । अख्तियार विधेयकसँगै राष्ट्रिय सभामा दर्ता भएर त्यहाँबाट पारित भई आएको भ्रष्टाचार निवारण विधेयकलाई प्रतिनिधिसभाले फागुन २०८१ मा पारित गरेको थियो । उक्त विधेयकले ऐनको रूप लिएर कार्यान्वयनमा आइसक्दा अख्तियार विधेयक निष्क्रिय हुन पुगेको छ ।

राष्ट्रिय सभामा दर्ता रहेर त्यही सभामा विचाराधीन पाँच वटा विधेयकको अस्तित्व मात्रै बाँकी छ । अभौतिक सांस्कृतिक सम्पदा, चलचित्र, पर्यटन, सामाजिक सञ्जाल र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक राष्ट्रिय सभामा अस्तित्वमा छन् । ती विधेयकलाई राष्ट्रिय सभाले पारित गरे पनि नयाँ प्रतिनिधिसभा नआएसम्म त्यसमाथिको आवश्यक विधायन कार्य भने बढ्ने छैन ।

# पहिरोका कारण पाँचथरका ६ परिवार बिस्थापित



झापा(प्रस) । अविरल वर्षाका कारण आएको पहिरोका कारण पाँचथरका ६ परिवारका २४ जना विस्थापित भएका छन् ।

मंगलवार दिउँसो १.३० बजे पाँचथर फालेलुङ गाउँपालिका ३ पाङलेपामा पहिरो झरेर र जमिन भासिन गई ४० वर्षीय जीवन केरुङको ४ जना,३५ वर्षीय लोकेन्द्र केरुङको ५ जना,३२ वर्षीय दिलकुमार केरुङको ४ जना,४२ वर्षीय खड्गप्रसाद केरुङको २ जना ,२८ वर्षीय बिरेन्द्र राईको ६ जना र ३२ वर्षीय राजकुमार केरुङको ३ जनाको परिवार विस्थापित बनेको हो ।

बिस्थापित घरपरिवारहरु बिरेन्द्र राईको खेतबारीमा पाल टाँगेर बसेका छन् । प्रहरी चौकी थोक्लिम्बाबाट प्रहरी टोली गएको प्रहरीले जनाएको छ ।

**अन्तरिम...**

निर्माण भइरहेको संसद् भवन समयमै सम्पन्न गरेर हस्तान्तरण गर्न पनि निर्देशन दिए । बानेश्वरको भवन पूर्ण रूपमा क्षति भएकाले अबको संसद् सिंहदरबारबाटै सुरु हुनुपर्ने निर्देशनसमेत दिए ।

घिसिङले प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई पद खाली गर्न पनि निर्देशन दिएका छन् । गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्यालले शान्तिसुरक्षामा ध्यान केन्द्रित गरेर काम थालेका छन् । उनले मंगलबार ७७ जिल्लाकै प्रमुख जिल्ला अधिकारी (सीडीओ) सँग छलफल गरे भने बुधबार नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुख र अधिकृतसँग शान्तिसुरक्षा तथा जनताको सम्पत्ति सुरक्षका विषयमा छलफल गरे ।

उनले सीडीओसँगको छलफलमा देशभर आन्दोलनका क्रममा सार्वजनिकसहित निजी सम्पत्तिको पनि क्षति भएको र जनतामा सुरक्षा त्रास भएकाले यसलाई सम्बोधन गर्न निर्देशन दिएका छन् । केही दिनभित्रै आन्दोलनका घटनाको उच्चस्तरीय न्यायिक आयोग गठनका लागि परामर्श अघि बढाएका छन् ।

उच्च अदालतका अवकाश प्राप्त न्यायाधीशहरूसँग यो समितिमा बसेर काम गर्न छलफल गरेको र एक-दुई दिनमै आयोगमा रहने व्यक्तिको टुंगो लाग्ने मन्त्री अर्यालले बताए ।

अर्थविद् केशव आचार्य अहिलेको सरकार अन्तरिम सरकार भएकाले नयाँ काम गर्न नपाउने भए पनि उत्साह जगाउन खोजेको टिप्पणी गरे ।

'यो अन्तरिम सरकार हो, निर्वाचन गराउने प्रयोजनका लागि गठन भएको कामचलाउ सरकार भएकाले धेरै नयाँ कुरा गर्न सक्दैन, कानुनले पनि दिँदैन,' आचार्य भन्छन्, 'मुख्य म्यान्डेट भनेको निर्वाचन गराउनु हो, नयाँ बजेट ल्याउँदैन र करको दर हेरफेर गर्दैन तर यसले वर्षौंदेखि चलेको भ्रष्टाचारलाई रोक्नुपर्छ ।'

ट्रान्सपरेन्सीले हरेक वर्ष नेपालको अवस्था खस्केको देखाएको कुरा अब अन्तरिम सरकारले सम्बोधन गर्नुपर्ने भन्दै उनले निर्वाचनको तयारी गर्न सुझाव दिए । 'गृह र अर्थमन्त्रीले मिलेर तत्कालै अनौपचारिक रूपमा अर्थतन्त्र र भ्रष्टाचारबारे छानबिन थाल्नुपर्छ, एक महिना नबित्दै अन्तरिम प्रतिवेदन दिनुपर्छ,' उनी भन्छन्, 'अर्थमन्त्री आफैं अर्थ सचिवबाट अवकाश भएको र आर्थिक सुधारदेखि दातृ निकायमा पनि काम गरेकाले सफल हुने विश्वास छ ।'




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भ्रष्टाचाररहित अर्थतन्त्र

जेनजीको आन्दोलनबाट मुलुकले जुन खालको क्षति बेहोरेको भए पनि लगानीका लागि पुँजीको अभाव भने अहिले देखिन्न । किनभने सर्वसाधारणदेखि संस्थागत बचतको थुप्रै बैंकमा लागेको छ। नेपालका बैंकहरूसँग ९ खर्ब ११ अर्ब रुपैयाँ लगानीयोग्य पुँजी छ। तरलताको मात्रा धेरै हुँदा बैंक ब्याजदरमा कमी आएको छ। तर, कर्जा प्रवाह उत्साहजनक त विध्वंसका दिनअघिसम्म पनि थिएन। झन् त्यतिका विध्वंस भए पनि अझै संकुचन आउने जोखिम छ।

विदेशी मुद्रा सञ्चिति चुलिएको छ। मतलब के हो भने देशले विदेशबाट आयात गर्न सक्ने क्षमता बलियो छ। विप्रेषण बढेको छ। तर आन्तरिक अर्थतन्त्र फैलन सकेन। अब झन् कसरी तंग्रिएला भन्ने सबैभन्दा गम्भीर चुनौती हो। चुनावका लागि केन्द्रित भएर गठन भएको अन्तरिम सरकारमा प्रधानमन्त्री सुशीला कार्कीले अर्थविज्ञ रामेश्वर खनाललाई अर्थतन्त्रको जिम्मा सुम्पिएकी छन्। खनाल तिनै व्यक्ति हुन्, जसले गएको सरकारलाई चार सयबुँदे सुझाव दिएर अर्थतन्त्र उकास्ने दीर्घकालीन जुक्ति जुराएका थिए। अब उनी त्यसलाई कार्यान्वयन गर्ने तहमा आफैं छन्।

निजी क्षेत्रप्रति नेपाली समाज पहिल्यैदेखि नकारात्मक धारणा राख्दै आएको समाज हो, खनाल भने निजी लगानी राज्यका पूर्वाधार निर्माणमा समेत लगाउनुपर्ने विचारका पक्षपाती हुन्। तसर्थ बैंकहरूमा थुप्रिएको पैसा ऋणपत्र लगानी औजारका माध्यमबाट भए पनि सरकारले परिचालन गर्न उनले नीतिगत र व्यवहारगत व्यवस्था गर्न सक्छन्।

निजी क्षेत्रलाई सहुलियतको ऋणको व्यवस्थाबाट उत्साह भर्न सक्छन्। छोटो अवधिकै लागि आएका भए पनि अहिले खल्बलिएको वातावरणलाई संग्ल्याउने पहिलो जिम्मेवारी अर्थमन्त्री खनालकै काँधमा छन्। बैंकहरूमा रहेको तरलताको सदुपयोग गर्न सरकारले पुनर्निर्माण बन्ड जारी गर्ने हो भने सरकारी लगानी बढाउनुका साथै बैंकहरूको तरलता समस्या समाधान गर्छ। अर्थतन्त्र तंग्र्याउने त्यो एउटा उपाय हुन सक्छ। अर्थतन्त्रलाई नयाँ शिराबाट चलायमान बनाउनु पर्छ। भ्रष्टाचाररहित अर्थतन्त्र हुनुपर्यो। विकास निर्माणलाई घटाएर होस् वा बजेटलाई कम गरेर होस् भ्रष्टाचारलाई निर्मूल नै गरिनु पर्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आर्थिक समुन्नतिको मेरुदण्ड



• डा. सनतकुमार शर्मा



विज्ञान र प्रविधि नै एउटा राष्ट्रको सामाजिक तथा आर्थिक समुन्नतिको मेरुदण्ड, राष्ट्रको अन्तर्निहित शक्तिको परिसूचक समृद्धिको संवाहक एवं सामाजिक नवचेतनाका उत्प्रेरक हुन् भन्ने तथ्य विश्वसामु छर्लङ हुनाले नै संयुक्त राष्ट्रसङ्घले विश्वका सदस्य राष्ट्रहरूलाई विज्ञान तथा प्रविधिको समुचित विकास एवं प्रयोगका निमित्त अनुरोध तथा मार्ग निर्देशन गरेको तथ्य विदित नै छ। नेपाल सरकारको निर्णय अनुसार नेपालमा २०७० असोज १ गतेदेखि विज्ञान दिवस मनाउन प्रारम्भ गरिएको छ । अमृत साइन्स क्याम्पसको स्थापना दिवसलाई विज्ञान दिवसको रूपमा मनाउने गरिएको छ।

मुलुकमा विभिन्न कारणले विज्ञान तथा प्रविधिसँग आबद्ध संस्थाले आशातीत उपलब्धि हासिल गर्न सकेनन् । विज्ञानको क्षेत्रमा अत्यधिक न्यून लगानी, विज्ञान र प्रविधिको संस्थाहरूमा विज्ञान र प्रविधिभन्दा प्रशासनिक व्यक्तिको बाहुल्यता हुनु, नीतिगत रूपमा अनुसन्धान तथा विकासको कार्यलाई अग्रगामी बनाउने कार्यको अभाव, नीतिगत सुधारमा कमी, विज्ञान र प्रविधिको विकासको लागि सारगर्भित प्रयासहरूको कमी, अति आवश्यक संस्थागत संरचनाको कमी आदि कारणले गर्दा विज्ञान र प्रविधिको क्षेत्रमा सोचे अनुरूप उपलब्धि हासिल हुन सकेन । यही कारणले गर्दा छिमेकी राष्ट्र भारत र चीनले चन्द्र विजय गरेर मङ्गल विजयको अभियानमा संलग्न रहिसकेको परिप्रेक्ष्यमा हामी अझै पनि ग्यालिलियोको युगमा छौँ।

यसै गरी विश्वविद्यालयस्थित विज्ञानका विभागहरू केवल विज्ञान पढाउने विभागका रूपमा सीमित रहेको देखिन्छ । केही अनुसन्धान पनि सर्वेक्षण प्रकारका देखिन्छन् । अत्याधुनिक अनुसन्धानको त कुरा छोडौँ सामान्य अनुसन्धानका लागि पनि त्यहाँ बजेटको अभाव देखिन्छ । एकातिर सरकारबाट पर्याप्त मात्रामा बजेट उपलब्ध हुँदैन भने अर्कोतिर स्वयम्ले स्रोतसाधन उत्पादन गर्ने कार्य पनि गर्न सक्दैनन् र प्राप्त स्रोतसाधनलाई पनि समुचित रूपमा प्रयोग गरेको देखिँदैन । विज्ञानका संस्थाहरूलाई पनि राजनीतिक हस्तक्षेपबाट मुक्त रहेर अटोनोमस संस्थाको रूपमा विकास हुन नसक्नु र उनीहरूलाई राष्ट्र विकासप्रति बढी उत्तरदायी बनाउँदै अनुन्धानात्मक कार्यहरूको उच्च मूल्याङ्कन हुन सक्ने प्रणालीको विकासको पनि कमी देखिन्छ।

कर्मचारीतन्त्र तथा राजनीतिले जगत्ले पनि विज्ञानलाई त्यति महत्व दिएको देखिँदैन । कतिपय राजनीतिक पार्टीले चुनावी समयको मुखपत्रमा विज्ञान तथा प्रविधिको समुचित विकास तथा प्रयोगका लागि संलग्न रहने कुरा उल्लेख भए पनि सो अनुरूप कार्य गरेको देखिँदैन। विज्ञान तथा प्रविधिको सार्थक ज्ञानलाई जनप्रवाह गर्नका लागि कुनै विशेष नीतिसमेत रहेको पाइँदैन । उच्च क्षमताका वैज्ञानिकलाई पर्याप्त तलब तथा सुविधा दिने कुनै प्रणाली देखिँदैन। नेपाल सरकारका पुरातन मन्त्रालयमा लागु भएको आर्थिक तथा प्रशासनिक नियमावलीबाट विज्ञान जस्तो गहन विधालाई सञ्चालन गरेको देखिन्छ, जुन विज्ञान तथा प्रविधिको समुचित विकासका लागि उपयुक्त देखिँदैन।

यो दिवसमा हामीले विभिन्न कुरा मनन गर्न आवश्यक छ । हाम्रो राष्ट्रमा विज्ञान तथा प्रविधिको अवस्था कस्तो छ ? हामीले विज्ञानको क्षेत्रमा कत्तिको अनुसन्धान गरिरहेका छौँ ? के हाम्रो विज्ञानका संस्था विज्ञानका भव्य समाधिस्थलमा रूपान्तरण त भइरहेका छैनन् ? हेर्दा राम्रो भवन, उच्च अध्ययन गरेका कर्मचारी तर परिणाम के आएको छ ? विज्ञानका कतिपय संस्थाको स्थापनाको पनि लामो समयावधि भइसक्यो । स्थापनापश्चात् यी संस्थाहरूले राष्ट्रका लागि, जनमानसका लागि के कति उपलब्धिमूलक कार्यहरू गरेका छन् ? के नेपाल सरकारले विज्ञानको क्षेत्रमा बृहत्तर लगानी गरेको छ ? के समुचित स्रोतसाधन उपलब्ध गराएको छ ? यी संस्थाहरूमा विज्ञानका कार्यहरू, अनुसन्धानहरू कत्तिको भइरहेका छन् ? विज्ञान तथा प्रविधिको द्रुततर विकासका लागि कर्मचारीतन्त्रमा पनि हाल छुट्टै विशेष सुविधा र अनुसन्धानलाई अगाडि बढाउन सक्षम दक्ष जनशक्तिका लागि छुट्टै विज्ञान सेवा समूहका लागि विशेष पहल हुन जरुरी छ कि ?

साथै हामीले के कुरा बुझ्न आवश्यक छ भने राष्ट्रको उज्ज्वल भविष्य युवा वैज्ञानिकमा निहित छ र नेपाललाई वर्तमानभन्दा भविष्यमा विकसित र सशक्त राष्ट्रको रूपमा रूपान्तरण गर्नका लागि उनीहरूलाई समुचित स्रोतसाधन तथा कार्यरत रहने वातावरण उपलब्ध गराउन अति आवश्यक हुन्छ । वर्तमान परिप्रेक्ष्यमा युवा वैज्ञानिकलाई विशेष सुविधा, स्रोतसाधन दिएर उनीहरूलाई राष्ट्र हितका लागि अनुसन्धानमा संलग्न गराउन अपरिहार्य देखिन्छ। साथै ज्ञान र विज्ञानको विस्फोट भइरहेको वर्तमान युगमा युवा वर्गले पनि नवीनतम उपलब्धिहरू प्राप्त गर्नेतर्फ अग्रसर हुन जरुरी छ । महान् वैज्ञानिकलाई आफ्नो आदर्श स्थापित गर्दै अध्ययन अनुसन्धानमा संलग्न भएर राष्ट्रका लागि नवीनतम तथा जनपयोगी उपलब्धि प्राप्त गर्नेतर्फ अग्रसर हुन जरुरी छ।

आजको २१ औँ शताब्दी कृत्रिम बुद्धिमत्ता (एआई) को युग हो । एआईले हाम्रो दैनिक जीवन शिक्षादेखि औद्योगिक क्षेत्र, स्वास्थ्यदेखि सञ्चारसम्म जीवनका प्रत्येक क्षेत्रमा निर्णायक भूमिका खेल्दै आएको छ। एआई प्रविधिले समाजमा एक बृहत्तर तथा असीमित अवसरहरू प्रदान गर्नुका साथै अत्यधिक चुनौती पनि समुपस्थित गरेको छ । विज्ञान दिवसको अवसरमा एआईको समुचित प्रयोग गर्दा मानव मूल्य, नैतिकता, व्यक्तिगत गोपनीयता जस्ता तथ्यहरूलाई पनि आत्मसात् गर्दै नकारात्मक प्रभावलाई समयोचित सम्बोधनका लागि जनमत निर्माण गर्न वा सोच्न अभिप्रेरणा प्रदान गर्नु पर्छ।

हाम्रा विज्ञानसँग आबद्ध निकाय उच्चस्तरीय अनुसन्धानभन्दा सर्वेक्षण प्रकारका अनुसन्धानमा संलग्न देखिन्छन् । उद्योगहरू आयातित वस्तुहरूलाई मिलाएर सामग्रीहरू बनाउनमा मात्र सीमित रहेको देखिन्छ। जडीबुटीको धनी देशमा जडीबुटीमा कत्तिको अनुसन्धान भइरहेको छ ? स्वास्थ्यको अनुसन्धानको क्षेत्रमा हाम्रो आन्तरिक क्षमता कत्तिको छ ? कृषिको क्षेत्रमा हाम्रो अनुसन्धान कत्तिको प्रभावकारी छ ? हामीसँग के दीर्घकालीन योजनाहरू र प्राथमिकताका क्षेत्रहरू निर्धारण छन् ? यस राष्ट्रिय दिवसमा हाम्रो आजसम्मका उपलब्धिको आलोचनात्मक मूल्याङ्कन तथा राष्ट्रमा निहित विज्ञान एवं वैज्ञानिकको अन्तरनिहित क्षमताको पूर्ण मूल्याङ्कन हुनुका साथै राष्ट्रमा विज्ञान तथा प्रविधिको विकास तथा निर्दिष्ट मार्ग चित्रणका लागि जोडदार बहस एवं चर्चा हुनु अपरिहार्य देखिन्छ।

यो दिवसले निश्चित रूपमा राष्ट्रमा वैज्ञानिक चेतना एवं संस्कारको प्रादुर्भाव गर्नमा अहम् भूमिका निर्वाह गर्ने छ । यसका लागि अधिकतम जनसहभागिता, युवा वैज्ञानिकहरूको अत्यधिक परिचालन अपरिहार्य हुन जान्छ, जसले गर्दा बढीभन्दा बढी सर्वसाधारणमा विज्ञानको सार्थक ज्ञानप्रति अभिरुचि बढोस् र युवामा विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत हुने प्रेरणा मिल्न सकोस्। यो दिवस यस क्षेत्रमा कार्यरत संस्था तथा वैज्ञानिकहरूले स्वयम्को मूल्याङ्कन गर्ने समय पनि हो । हामीले हाम्रा विगतका मिसनहरूमा प्राप्त सफलता वा असफलता, हाम्रा कार्यान्वयनमा रहेका मिसनहरू तथा भविष्यमा परिचालन गर्ने योजनाहरूलाई अन्तर्राष्ट्रिय दृष्टिकोणबाट पुनर्मूल्याङ्कन गर्नु जरुरी छ।

हाम्रो जस्तो विकासोन्मुख, अन्धविश्वास तथा भाग्यवादी परम्पराबाट आक्रान्त समाजमा वर्षमा एक वा दुई दिन मनाइने विज्ञान दिवस पर्याप्त देखिँदैन । यसस“ग आबद्ध संस्थाले प्रत्येक दिन, सप्ताह, महिना र वर्षमा विज्ञान तथा प्रविधिको विकासका लागि समर्पित रहन आवश्यक छ, अनि मात्र राष्ट्र विकासले मूर्त रूप लिने छ । यसरी विज्ञान दिवस केवल एउटा औपचारिक दिवस मात्र नभई विज्ञान तथा प्रविधिको समुचित प्रयोगबाट मानव जीवनलाई अझै पूर्णतया सुरक्षित, सहज तथा समृद्ध बनाउनलाई प्रेरणा प्रदान गर्ने विशिष्ट अवसर हो।

# शिक्षाशास्त्रप्रति नीतिगत बेवास्ता



• बिष्णुबहादुर बडैला

शिक्षा क्षेत्रलाई राष्ट्र विकासको मेरुदण्ड मानिन्छ। शिक्षाबिना कुनै पनि राष्ट्रले समृद्धि हासिल गर्न सक्दैन। तैपनि शिक्षाशास्त्र सङ्काय भने लामो समयदेखि नीतिगत बेवास्ताको सिकार बनिरहेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत विसं २०१३ मा स्थापना गरिएको शिक्षाशास्त्र सङ्कायको उद्देश्य नेपाली समाजका लागि दक्ष, प्रतिबद्ध र प्रभावकारी शिक्षक उत्पादन गर्नु थियो। प्रारम्भिक चरणमा शिक्षाशास्त्र सङ्कायले नेपाली शिक्षा प्रणालीलाई बलियो आधार दिन महत्वपूर्ण भूमिका खेलेको थियो। पछिल्लो केही दशकमा, विभिन्न कारणले यसको भूमिका र प्रभाव शक्ति क्रमशः घट्दै गएको छ। शिक्षाशास्त्र सङ्कायप्रति सरकार र नीतिनिर्माताको दृष्टिकोणमा आएको परिवर्तन, प्राथमिकताको अभाव, शैक्षिक सुधार योजनामा शिक्षाशास्त्रलाई स्थान नदिइँदा यसको प्रभावकारिता खस्किएको छ।

**नीतिगत प्राथमिकताको अभाव**

सरकारको शैक्षिक नीतिमा शिक्षाशास्त्रलाई प्रायः दोस्रो तहको विषयको रूपमा राखिएको छ, जसले यसको महत्व र आवश्यकता साँचो अर्थमा चिनिएको छैन। प्राविधिक, विज्ञान र व्यवस्थापन जस्ता क्षेत्रलाई बढी प्राथमिकता दिइएको कारण शिक्षाशास्त्र सङ्कायलाई गौण बनाइएको छ, जसका कारण यसको विकास र प्रगति बाधित भएको छ। बजेट विनियोजनको दृष्टिकोणबाट हेर्दा शिक्षाशास्त्र सङ्कायलाई अन्य सङ्कायको तुलनामा कम अनुदान प्राप्त भइरहेको छ। जसले यसका पूर्वाधारको सुधार, अनुसन्धान प्रवर्धन र शैक्षिक सुदृढीकरणमा प्रत्यक्ष असर पारेको छ। यसले शिक्षाशास्त्रका विद्यार्थीलाई गुणस्तरीय शिक्षा र तालिम प्रदान गर्न अवरोध पुर्‍याएको छ। शिक्षाशास्त्रलाई यथेष्ट प्राथमिकता र बजेट नदिई, यसका गुणस्तर र प्रभावकारितामा सुधार ल्याउन असम्भव हुने छ।

नीति निर्मातालाई शिक्षाशास्त्रको महत्वलाई सही तरिकामा चिन्हारी गर्दै यसलाई राष्ट्रिय शैक्षिक योजनामा प्राथमिकता दिन आवश्यक छ। शिक्षाशास्त्रलाई व्यावसायिक, सामाजिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण मान्दै यसको विकासका लागि उचित बजेट र स्रोत सुनिश्चित गर्न नीति बनाउनु पर्ने छ।

**पाठ्यक्रम अद्यावधिकको अभाव**

शिक्षाशास्त्रको पाठ्यक्रम अद्यावधिक हुन सकेको छैन। जसका कारण शिक्षाशास्त्र सङ्कायका विद्यार्थी र शिक्षक समकालीन शैक्षिक आवश्यकतासँग मेल खाने ज्ञान र सिप हासिल गर्न असमर्थ छन्। नयाँ शैक्षिक प्रविधि, डिजिटल शिक्षा, समावेशी शिक्षा, भावनात्मक बुद्धिमत्ता र नवप्रवर्तन जस्ता महत्वपूर्ण र आवश्यक विषयवस्तु पाठ्यक्रममा समावेश नगर्नाले शिक्षकहरूको तयारीमा गम्भीर असर परेको छ। यी समकालीन र अग्रणी क्षेत्रलाई समेट्न नसक्दा, शिक्षकका लागि नयाँ चुनौती सामना गर्न कठिनाइ उत्पन्न भएको छ।

**राजनीतिक हस्तक्षेप र प्रशासकीय कमजोरी**

राजनीतिक हस्तक्षेप र प्रशासनिक कमजोरीले शिक्षाशास्त्रको विकासमा गम्भीर असर पारेको छ। सङ्कायका महत्वपूर्ण निर्णय योग्यताको आधारमा होइन, पहुँच र राजनीतिक सम्बन्धको आधारमा लिइन्छन्। यसले शिक्षाशास्त्र सङ्कायको विश्वसनीयता र गुणस्तरमा ठुलो गडबडी उत्पन्न गरेको छ। प्रशासनिक प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको अभावले विद्यार्थी र शिक्षक दुवैमा निराशा पैदा गरेको छ, जसले समग्र शिक्षाशास्त्रका पाठ्यक्रम र कार्यक्रमको प्रभावकारिता घटाउँछ । राजनीतिक हस्तक्षेप र प्रशासकीय कमजोरियोंले न केवल सङ्कायको प्रभावकारिता घटाउँछ तर यसले शिक्षाशास्त्रका विद्यार्थीको भविष्य र समाजको दीर्घकालिक शिक्षा नीति पनि प्रभावित गर्छ।

एकबर्से बिएड कार्यक्रमको प्रभावकारितामा प्रश्न

एकबर्से बिएड कार्यक्रम पनि समस्याको अर्को पाटो हो। शिक्षक बन्नका लागि नेपालमा प्रायः एकबर्से बिएड कार्यक्रम अनिवार्य गरिएको छ। यो कार्यक्रम शिक्षाशास्त्रको गहिरो अध्ययन र व्यावहारिक सिप विकासका लागि पर्याप्त छैन। एक वर्षको छोटो अवधिमा शिक्षकलाई सम्पूर्ण शैक्षिक अवधारणा, व्यावहारिक तालिम, शिक्षण मनोविज्ञान र अनुसन्धान क्षमतामा दक्ष बनाउने कल्पना गर्नै सकिँदैन। उदाहरणका लागि, शिक्षा सङ्कायका विद्यार्थीलाई एकबर्से बिएससी, बिबिएस जस्ता कार्यक्रम गर्न अनुमति दिने कुरा कसरी स्वीकार्य हुन सक्छ ? एकबर्से बिएड कार्यक्रम हटाएर, शिक्षक बन्ने प्रक्रियामा गहिरो अध्ययन र व्यावसायिक तालिमको अनिवार्यता राख्नु पर्छ, ताकि विद्यालयमा योग्य र दक्ष शिक्षक प्रस्तुत गर्न सकिन्छ। शिक्षा प्रणालीको गुणस्तरलाई अझ सुदृढ बनाउन सहज हुन्छ।

शिक्षक बन्नका लागि सामान्य मापदण्ड राखिएको भए तापनि केवल शैक्षिक योग्यता मात्र पर्याप्त हुँदैन। प्रभावकारी शिक्षक बन्न पेसागत सोच, सृजनात्मकता र विद्यार्थीको मनोविज्ञान बुझ्ने क्षमता आवश्यक हुन्छ। शिक्षकले केवल पाठ्यपुस्तक पढाउने होइन, विद्यार्थीलाई आलोचनात्मक सोच, जीवनोपयोगी सिप, र सृजनात्मक क्षमता विकास गराउनुपर्ने हुन्छ। शिक्षक चयनका लागि शैक्षिक योग्यतासँगै पेसागत सोच र प्रतिबद्धताको मूल्याङ्कन आवश्यक छ।

फिनल्यान्डमा शिक्षक बन्न उच्च योग्यता आवश्यक छ। शिक्षाशास्त्रमा आधारित पिएचडी अनिवार्य जस्तै मानिन्छ। शिक्षकलाई राष्ट्रनिर्माणको मेरुदण्डका रूपमा लिइन्छ। सिङ्गापुरले शिक्षक प्रशिक्षणलाई वैज्ञानिक ढङ्गले विकास गरेको छ, जहाँ शिक्षण पेसा सम्मानित छ। जापानमा शिक्षाशास्त्र अनुसन्धान केन्द्रहरूले नीतिगत सुधारलाई आधार प्रदान गर्छन्।
नेपालमा शिक्षाशास्त्र सङ्कायलाई सुदृढ बनाउन नीति र बजेटमा यसलाई उच्च प्राथमिकता दिनु अत्यावश्यक छ। शिक्षाशास्त्र सङ्कायको पूर्वाधार सुधार, अनुसन्धान प्रवर्धन र शैक्षिक विकासका लागि पर्याप्त बजेट विनियोजन गर्नु जरुरी छ। डिजिटल शिक्षण प्रविधि, समावेशी शिक्षा, जलवायु शिक्षा, जीवनपयोगी सिप विकास र स्थानीय सन्दर्भलाई समेटेर पाठ्यक्रमको समसामयीकरण गर्नु पर्छ। शिक्षाशास्त्रका विद्यार्थीलाई कक्षा अवलोकन, शिक्षण अभ्यास र अनुसन्धान परियोजनामा अनिवार्य सहभागी गराई व्यावहारिक तालिम र अनुसन्धान क्षमताको विकास गरिनु पर्छ। प्रशासकीय निर्णयमा योग्यता र प्रतिस्पर्धालाई आधार मानी राजनीतिक हस्तक्षेप हटाउनु पर्छ। पारदर्शी प्रशासकीय अभ्यासको विकास गर्नु जरुरी छ। सेवारत शिक्षकको निरन्तर पेसागत विकासका लागि नियमित तालिम, सेमिनार, कार्यशाला र अन्तर्राष्ट्रिय एक्सचेन्ज कार्यक्रम सञ्चालन गरिनु पर्छ।

राष्ट्रिय शिक्षा नीतिको केन्द्रमा यसलाई राखी बजेट प्राथमिकता, संरचनागत विकास, अनुसन्धान अनुदान र नीतिगत सल्लाहमा सङ्कायको सक्रिय भूमिका सुनिश्चित गर्नु पर्छ। पाठ्यक्रमलाई डिजिटल शिक्षा, भावनात्मक बुद्धिमत्ता, सामाजिक न्याय र स्थानीय आवश्यकता अनुसार अद्यावधिक गर्दै शिक्षक प्रशिक्षणलाई व्यावहारिक र अनुसन्धानमुखी बनाउनु पर्छ। शिक्षक छनोट प्रक्रियालाई कडा, पारदर्शी र योग्यता तथा प्रतिबद्धतामूलक बनाइनु पर्छ । यी सुधारका माध्यमबाट मात्र नेपालमा शिक्षाशास्त्र सङ्कायलाई नयाँ उचाइमा पुर्‍याउन सकिन्छ, जसले समग्र शिक्षा प्रणालीको गुणस्तर वृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने छ।

**निष्कर्ष**

जबसम्म शिक्षक उत्पादन गर्ने मूल केन्द्र बलियो हुँदैन, तबसम्म समग्र शिक्षा सुधार सम्भव छैन। शिक्षाशास्त्र सङ्कायको सुदृढीकरण भनेको शिक्षाको जरा बलियो बनाउनु हो। नीति निर्माता, विश्वविद्यालय प्रशासन र सम्पूर्ण शैक्षिक समुदायले अब गम्भीर सोच्न जरुरी छ-शिक्षाशास्त्रको सम्मान बिनाशिक्षा सुधारको नारा केवल भ्रम बन्ने छ। अब शिक्षाशास्त्र र शिक्षक पेसाको सुदृढीकरणमा प्रतिबद्धता देखाउने समय आएको छ। शिक्षाशास्त्र सङ्काय सुदृढ बनाउने कार्यलाई राष्ट्रिय अभियानका रूपमा लिनु पर्छ। शिक्षाशास्त्रलाई कमजोर बनाउनु भनेको भावी पुस्तालाई कमजोर बनाउनु हो। शिक्षाशास्त्र सङ्काय बलियो भयो भने मात्र शिक्षा बलियो हुन्छ। शिक्षा बलियो भयो भने मात्र देश बलियो हुन्छ।

# प्रदेशसभामा संकल्प प्रस्ताव दर्ता गराउने एमाले–कांग्रेसको तयारी

झापा(प्रस)। भदौ २३ र २४ गतेको जेनजेड आन्दोलनमा भएको आगजनी र आक्रमणबाट भूमिगतजस्तै बनेका कोशी प्रदेशका मुख्य राजनीतिक पार्टीले आ-आफ्नो गतिविधि सुरु गरेका छन् । प्रदेशको प्रमुख पार्टी नेकपा एमालेले आन्तरिक बैठकहरू गर्न थालेको छ । नेपाली कांग्रेसले पनि अनौपचारिक रूपमा भर्चुअल छलफलहरू गरिरहेको जनाएको छ । एमाले मोरङले विराटनगरमा अगुवा कार्यकर्ता भेला गरेको छ । उक्त भेलालाई कोशी प्रदेशका मुख्यमन्त्रीसमेत रहेका एमाले नेता हिक्मतकुमार कार्कीले सम्बोधन गरेका थिए ।

उता, नेपाली कांग्रेस कोशी प्रदेशका सभापतिसमेत रहेका प्रदेशसभा संसदीय दलका नेता उद्धव थापाले पार्टीले तत्काल कुनै ठोस कार्यक्रम वा बैठकको तयारी नगरेको भए

यस्तै नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने जेनजेड विद्रोहलाई स्वीकार गर्दै अगाडि बढ्नु पर्ने बताए । भर्खरै भएको जेनजेड आन्दोलनको स्तर र त्यसको सफलतालाई एउटा ‘विद्रोह’को रूपमा स्वीकार्नुपर्ने र त्यसलाई नजरअन्दाज गर्न नहुने उनको तर्क छ । ‘यति ठुलो विद्रोह



। नेकपा माओवादी केन्द्रले पनि जलेको आफ्नो पार्टी कार्यालय र आगजनीमा परेका नेताहरूको घर-घर पुग्ने काम सुरु गरेको छ । केही दिन अगाडि नेकपा एमाले कोशी प्रदेश संसदीय दलको भर्चुअल बैठक बसेको थियो । बैठकमा पछिल्लो राजनीतिक परिस्थितिको विषयमा छलफल भएको थियो । कोशी प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्रीसमेत रहेका एमाले नेता रेवतीरमण भण्डारीले प्रदेशमा व्याप्त अन्योलपूर्ण राजनीतिक अवस्था र जनसरोकारका विषयमा केन्द्रित रहँदै एमाले संसदीय दलको बैठक बसेको बताए ।

उनले प्रदेशसभाको बैठक बोलाउने कि भन्नेबारे छलफल भएको बताए । यद्यपि स्रोतका अनुसार एमालेले प्रदेश ’जीवितै छ है’ भन्ने सन्देश दिनका लागि प्रदेशसभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता गर्ने निर्णय गरेको छ पनि फोनमार्फत नै सल्लाह र सम्पर्क भइरहेको बताए ।

‘पार्टीको अब छिट्टै बस्ने केन्द्रीय समितिको बैठकको प्रतीक्षा गरिरहेका छौं । उक्त बैठकले नै आगामी रणनीति तय गर्ने र प्रदेश, जिल्ला, तथा अन्य निकायहरूलाई निर्देशन दिनेछ,’ उनले भने । उनले पनि हालको परिस्थितिमा तत्काल प्रदेश सभाको बैठक बोलाउने कुनै योजना नरहेको भए पनि संकल्प प्रस्ताव दर्ता गर्ने विषयमा एमालेसँग छलफल भइरहेको जानकारी दिए ।

‘प्रदेश सभा जीवित छ भन्ने सन्देश दिनका लागि सबै दलको सहमतिमा एउटा संकल्प प्रस्ताव तयार पारेर प्रदेश सभा सचिवालयमा दर्ता गर्नेबारे छलफल भइरहेको छ । यो प्रस्ताव दर्ताका लागि मात्र हो, बैठक बोलाउनका लागि होइन,’ उनले भने । त्यसका लागि एमाले लगायत अन्य दलहरूसँग पनि भौतिक रूपमै छलफल गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

र घटना भएपछि केही पनि नभए जस्तो गरी भोलि नै फेरि प्रदेश सभा संचालन गर्ने पक्षमा आफूहरू नरहेको उनले स्पष्ट पारेका छन् । ‘पहिले परिस्थिति कसरी अगाडि बढ्छ भनेर निष्कर्षमा पुग्न दिनुपर्छ । केन्द्रमा क्याबिनेट पूर्ण रूपमा बनिनसकेको र त्यसले शान्ति सुरक्षाबारे स्पष्ट नीति बनाएपछि मात्र प्रदेशसभालाई अगाडि बढाउनु उपयुक्त हुने देख्छु,’ उनले भने, ‘एमालेले प्रदेशसभा बोलाउन हतार गरेको छ यो बेठिक छ ।’

हालको परिस्थितिको जिम्मेवार नै एमाले नै भएको र अहिले फेरि सभा बोलाएर परिस्थितिलाई थप उत्तेजक र जटिल बनाउने प्रयास गर्नु नहुने उनले बताए । ‘संविधान र प्रदेशसभा आफ्नो ठाउँमा भए पनि यति ठुलो विद्रोहलाई नसमेटिकन चल्दा त्यसले परिस्थिति थप उत्तेजक बनाउने भएकाले तत्काल प्रदेशसभा बोलाउने पक्षमा हामी छैनौं,’ उनले भने ।

# खरानीबाट उठ्न खोज्दै पुराना दल

झापा(प्रस) । भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा प्रमुख राजनीतिक दलहरू मुख्य निशानामा परे । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समाजवादी जस्ता परम्परागत दललाई तारो बनाइयो । यी सबै दलका केन्द्रीय कार्यालय मात्रै होइन, निजी निवास र डेरासमेत उग्र आन्दोलनकारीले खरानीमा परिणत गरे । एकातिर नसोचेको भौतिक क्षति भयो, जसले हेर्दाहेर्दै विशाल भवन र भव्य निवासहरू खरानीमा परिणत हुन बेर लागेन । कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी श्रीमती एवं नेतृ आरजु राणा देउवामाथि निर्ममतापूर्वक



आक्रमण भयो । यी दुवै अझै उपचाररत छन् ।

प्रधानमन्त्रीबाट राजीनामा दिएका केपी शर्मा ओली अहिले पनि नेपाली सेनाको ब्यारेकको सुरक्षामा बसिरहेका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार आगजनीमा परेर खरानीमा परिणत भएको कोटेश्वर पेरिसडाँडास्थित केन्द्रीय कार्यालय अवलोकन गरे । समाजवादीका अध्यक्ष माधव नेपाल पनि कोटेश्वरस्थित जलाइएको निजी निवास हेरेर अस्थायी डेरामा फर्किए ।

भौतिक क्षतिको खरानी टकटक्याएर नयाँ कार्यालय खडा गर्नेमा प्रमुख दल अघि सर्न सक्छन् । पेरिसडाँडा पुगेर प्रचण्डले सबै जलेको भन्दै पार्टीका शुभेच्छुककै सहयोगमा भव्य र व्यवस्थित पार्टी कार्यालय खडा गर्ने उद्घोष गरिसके ।

वर्षौंसम्म पनि पुराना दलमा सुधार नआएपछि

❖ बाँकी पृष्ठ ४ मा

# चन्द्रगढी वन उपभोक्ता समूहको साधारण सभा सम्पन्न

भद्रपुर(प्रस) । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको २६ औं वार्षिक साधाराण सभा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । भद्रपुर ९ स्थित मुना सामुदायिक भवनमा परिषद भेलामार्फत समूहको २६ औं वार्षिक साधारण सभामा स्मारिका विमोचन, सहयोगी सम्मान गरिएको हो ।

समूहका अध्यक्ष दुर्गाप्रसाद भट्टराईको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सभा सम्पन्न भएको थियो ।

कार्यक्रममा चन्द्रगढ चन्द्रगढी वन बाटिका स्मारक ग्रन्थको बिमोचन गर्दै विमोचन प्रकाशनमा महत्वपूर्ण योगदान दिने सम्पादक मण्डललाई नगदसहित सम्मान गरिएको थियो ।

समूहको वार्षिक गतिविधिसहित नीति तथा कार्यक्रम सहितको प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष दुर्गाप्रसाद भट्टराईले लाभग्राहीका लागि महिला उत्थान, स्वरोजगार प्रवर्धन, कृषि तथा भेटेरेनरी लगायत विविध कार्यक्रमहरूमा विशेष लगानी गरेर हरित अर्थतन्त्रका लागि काम गरिरहेको र आगामी वर्षमा पनि निरन्तर रहने वार्षिक कार्ययोजना पेश गरेका थिए ।

कार्यक्रममा नगर उपप्रमुख राधा कार्की, समूहका निवर्तमान अध्यक्ष हिराप्रसाद पोखरेल, जलथल सब डिभिजन वन कार्यालयका



वन अधिकृत कुलप्रसाद भट्टराई, चन्द्रगढी दोस्रो खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष चुडामणि मैनाली, चन्द्रगढ चन्द्रगढी वन बाटिका स्मारक ग्रन्थका प्रधान सम्पादक तारा विविध, ग्रन्थका भाषा सम्पादक हरिनारायण भट्टराई, सम्पादक सदस्य देवीचरण भण्डारीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन सचिव पार्वती मल्ल र स्वागत उपाध्यक्ष गोकुल ढकालले गरेका थिए ।

सभाले आगामी वर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रम अनुमोदन गरेको छ भने वन संरक्षणका लागि स्थानीयसंग हातेमालो गरेर अगाडि बढ्ने संकल्प समेत पारित गरिएको छ ।

# कक्षा १२ को मौका परीक्षा असोज ७ र ८ गतेदेखि

झापा(प्रस) ।राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्ने भएको छ । यसअघि भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि देशको वर्तमान अवस्थाका कारण परीक्षा तालिका संशोधन गरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको हो ।

बोर्डले असोज ७ गते अनिवार्य अङ्ग्रेजी (००४१), एक विषयको मात्र परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) को परीक्षा दिनुपर्ने तालिका सार्वजनिक गरेको छ । त्यसैगरी, असोज ८ दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन हुनेछ । त्यस दिन अनिवार्य अङ्ग्रेजी (००४१) विषयको परीक्षा भने सञ्चालन हुने बोर्डले जनाएको छ । बोर्डले यसअघि नै परीक्षा केन्द्र निर्धारण गरिसकेको जनाएको छ ।

# दमक नगरपालिकाले भन्यो- सामान फिर्ता गरिदिनुहोला

झापा(प्रस)।दमक नगरपालिकाले आन्दोलनका क्रममा भएको आगजनीमा लुटिएका सामान फिर्ता गर्न रचनात्मक शैली अपनाएको छ । नगरपालिकाले आफ्नो फेसबुक पेजमा लुटेराको अनुहार छोपिएको फोटो पोष्ट गर्दै ‘आगजनीबाट बचाउन लगिएका समान फिर्ता गर्न’ आग्रह गरेको हो ।

‘आगजनीबाट बचाउन लगिदिनुभएको सामान उहाँलाई पनि फिर्ता गरिदिनुहुन अनुरोध छ। हजुरको फेस पनि क्लियर छ है,’ कार्यालयको पेजमा लेखिएको छ ।



भदौ २४ गते भएको विध्वंसात्मक आन्दोलनका क्रममा देशका विभिन्न सरकारी कार्यालयमा आक्रमण भएको थियो । दमक नगरपालिका समेत यसको निशानामा परेको थियो । त्यहाँबाट लाखौंको सामान लुटपाट भएको थियो ।

# केरा आयात नगर्न अनुरोध



झापा(प्रस)। केरा व्यवसायीहरूले अहिले नेपालमा उत्पादित केराले दसैं, तिहार र छठ धान्ने भएकाले आयात नगर्न सार्वजनिक अपिल गरेका छन् । नेपाल केरा उत्पादक महासंघ काठमाडौंका केन्द्रीय अध्यक्ष विष्णुहरि पन्तले अहिले नेपालमा केरा उत्पादन उत्साहजक रहेको र चाडपर्वलाई नेपाली उत्पादनले पर्याप्त धान्ने भएकाले आयात नगर्न देशभरका सबै फलफूल तथा तरकारी थोक व्यवसायी संघलाई अनुरोध गरिएको बताए ।

महासंघले नेपालभरिकै फलफूल तथा तरकारी थोक व्यावसायी संघलाई सम्बोधन गर्दै केरा आयात नगर्न पत्राचार नै गरेको उनले बताए । महासंघले गरेको अनुरोधपत्रमा हाल नेपालमा उत्साहजनक रूपमा केरा उत्पादन भइरहेको र विद्यमान अवस्थामा नेपालको उत्पादनले नै नेपाली केरा बजारको मागले दसैं, तिहार र छठसम्मै थेग्न सक्ने अवस्था रहँदारहँदै पनि नेपाली बजारमा विदेशी केरा निर्बाध रूपमा आयात भइरहेको उल्लेख गरेको छ ।

यसरी केरा आयात हुंदा नेपाली अर्थतन्त्र, वैदेशिक व्यापार घाटा, रोजगारमा प्रत्यक्ष रूपमा असर पार्नुका साथै नेपाली व्यावसायिक केरा उत्पादक किसान विस्थापित हुनसक्नेसम्म खतरा बढ्नुका साथै सबै जिल्लाका किसान आक्रोशित भई आन्दोलनमा जानसक्ने खतरा बढेको अध्यक्ष पन्तले जारी गरेको अनुरोधपत्रमा उल्लेख छ ।

अनुरोधपत्रमा भनिएको छ, ‘समयमै हामी सबै संघसंस्था र व्यापारीले देशको विषम परिस्थितिलाई समेत मध्यनजर गर्दै यहाँले सम्बन्धित व्यापारीसँग समन्वय तथा छलफल गरी यही असोज ६ गतेभन्दा पछाडि कुनै पनि व्यापारीलाई भारतबाट केरा आयात नगर्न वा नगराउन अनुरोध गर्दछौं । यदि व्यापारीले बलजफ्ती आयात गरेमा नेपाली किसान वा समर्थकले पुर्याउन सक्ने क्षतिको जवाफदेही पनि यो महासंघ नहुने जानकारी तथा अनुरोध गर्दछौं ।’

# दक्षिण कोरियामा श्रमिक पठाउन बनेको कार्यविधि कार्यान्वयन नहुने




झापा(प्रस) । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशनपछि दक्षिण कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि कार्यान्वयन नहुने भएको छ । वैदेशिक रोजगार विभागले बुधवार एक सूचना जारी गर्दै यो जानकारी गराएको हो।

विभागका अनुसार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दिएको निर्देशन अनुसार जी टु जी माध्यमबाट ई-७ भिसामा कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी उक्त कार्यविधि, २०८० कार्यान्वयन नगर्न भनेको छ । मन्त्रालयको निर्देशनसँगै यो कार्यविधि तत्कालका लागि कार्यान्वयनमा नआउने भएको हो।

विभागले यस सम्बन्धी सम्पूर्ण सरोकारवालालाई जानकारी गराउनका लागि यो सूचना प्रकाशित गरेको जनाएको छ। कोरियामा ई-७ भिसा अन्तर्गत सीपयुक्त श्रमिकका रूपमा जान इच्छुक व्यक्ति तथा अन्य सम्बन्धित निकायहरूलाई यस सूचनाले प्रत्यक्ष असर पार्नेछ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ